प्रधान कार्यालय
सामान्य सेवा विभाग
धर्मपथ, काठमाडौं

## सुरक्षाकर्मी सेवा करारमा आपूर्ति गर्ने सम्बन्धी बोलपत्र आह्वानको सूचना

## सिलबन्दी बोलपत्र आह्वानको सूचना नं. NBL/NCB23/O077/78

(दोस्रो पटक सूचना प्रकाशित मिति २०७७/०८/२८)

1. नेपाल बैंक लिमिटेड २०७७ साल माघ १ गतेदेखि २०७९ पौष ३० गतेसम्म दुई बर्षको लागि सुरक्षाकर्मीहरु सेवा करारमार्फत आपूर्ति गर्न योग्य बोलपत्रदाताहरुबाट बोलपत्र प्रस्ताव आह्वान गर्दछ।

2. बोलपत्रसम्बन्धी कुनै कुरा बुझ्नु परेमा वा बोलपत्रसम्बन्धी कागजात हेर्नु परेमा यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ । साथै बैंकको वेभसाईट www.nepalbank.com.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट www.ppmo.gov.np मा पनि हेर्न सकिनेछ।

3. बोलपत्र सम्बन्धी कागजात e-GP System (www.bolpatra.gov.np/egp) बाट डाउनलोड गर्न सकिनेछ। बोलपत्र कागजात खरिद रकम बापत रु. १०,०००।- (अक्षरेपी दश हजार मात्र, पछि फिर्ता नहुने) निम्न बैंक खातामा जम्मा गर्नु पर्नेछ।

   बैंक : **नेपाल बैंक लिमिटेड** शाखा : **काठमाडौं बैंकिङ्ग अफिस**

   खाताको नाम : **बोलपत्र फाराम दस्तूर** खाता नं. : **००२००१०६७११२८३००००००१**

4. इच्छुक बोलपत्रदाताहरुले ई-बिडिङ्गमार्फत बैंकको लागि आवश्यक सुरक्षाकर्मिहरु आपूर्ति गर्न e-GP System (www.bolpatra.gov.np/egp) मार्फत मिति २०७७/०९/१३ गते ११ : ०० बजेभित्र बोलपत्र दाखिला गर्न सक्नेछन्।

5. दाखिला भएका बोलपत्रहरु मिति २०७७/०९/१३ गते १२:३० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस विभागमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन। पूर्व निर्धारित मितिमा कुनै कारणबस बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मितिदेखि नै गरिनेछ।

6. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

7. बोलपत्र दाखिलासम्बन्धी अन्य जानकारी बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ।